# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, जेठ २० गते २०५५ साल (अतिरिक्ताङ्क १६ (अ)

## भाग ३

### निर्वाचन आयोगको

### सूचना १

काठमाडौं जिल्लाको निर्वाचन क्षेत्र नं. २, ३, ४, ५, ६ र ७, ललितपुर जिल्लाको निर्वाचन क्षेत्र नं. २ र ३ तथा भक्तपुर जिल्लाको निर्वाचन क्षेत्र नं. १ र २ मा मतदाता परिचयपत्र वितरण गर्न २०५५ साल जेठ २० गतेसम्मको अवधि थप गरिएकोमा परिचयपत्र व्यवस्थापन अधिकारीले मतदाता परिचयपत्र वितरण गर्ने अवधि पुनः थप गर्न माग गरेको हुँदा मतदाता परिचयपत्रसम्बन्धी नियमावली, २०५३ को नियम ७ को उपनियम (५) ले दिएको अधिकार प्रयोग गरी यस आयोगले मतदाता परिचयपत्र वितरण गर्ने अवधि २०५५ साल असार मसान्तसम्म थप गर्ने निर्णय गरेको हुँदा यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

काठमाडौं जिल्लाको निर्वाचन क्षेत्र नं. १, सुनसरी जिल्लाको निर्वाचन क्षेत्र नं. ५ तथा बैतडी जिल्लाको निर्वाचन क्षेत्र नं. १ मा २०५४ सालमा अद्यावधिक गरिएको मतदाता नामावली अनुसारका थप मतदाताहरुलाई र २०५३ सालमा मतदाता परिचयपत्र वितरण गर्न बाँकी रहेका मतदाताहरुलाई समेत मतदाता परिचयपत्र दिन २०५५ साल जेठ २० गतेसम्मको अवधि थप गरिएकोमा परिचयपत्र व्यवस्थापन अधिकारीले मतदाता परिचयपत्र वितरण गर्ने अवधि पुनः थप गर्न माग गरेको हुँदा मतदाता परिचयपत्रसम्बन्धी नियमावली, २०५३ को नियम ७ को उपनियम (५) ले दिएको अधिकार प्रयोग गरी यस आयोगले मतदाता परिचयपत्र वितरण गर्ने अवधि २०५५ साल असार मसान्तसम्म थप गर्ने निर्णय गरेको हुंदा यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना. ३

काठमाडौं जिल्लाको निर्वाचन क्षेत्र नं. १, सुनसरी जिल्लाको निर्वाचन क्षेत्र नं. ५ तथा बैतडी जिल्लाको निर्वाचन क्षेत्र नं. १ मा वितरण गरिएको मतदाता परिचयपत्र हराएका, चोरी वा नष्ट भएका मतदाता परिचयपत्रको प्रतिलिपि वितरण गर्न २०५५ साल जेठ २० गतेसम्मको अवधि थप गरिएकोमा परिचयपत्र व्यवस्थापन अधिकारीले मतदाता परिचयपत्र वितरण गर्ने अवधि पुनः थप गर्न माग गरेको हुंदा मतदाता परिचयपत्रसम्बन्धी नियमावली, २०५३ को नियम ७ को उपनियम (५) ले दिएको अधिकार प्रयोग गरी यस आयोगले मतदाता परिचयपत्र वितरण गर्ने अवधि २०५५ साल असार मसान्तसम्म थप गर्ने निर्णय गरेको हुंदा यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
पुरुषोत्तम ढकाल
निर्वाचन आयोगको का.मु.सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।